नेपाल सरकार
**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
सिंहदरवार

मिति २०७२ बैशाख १७, १५:०० बजे सम्मको विवरण

# प्रेस विज्ञप्ति

(महाभूकम्प २०७२: उद्धार तथा राहतसम्बन्धी प्रारम्भिक विवरणका आधारमा तयार पारिएको)

२०७१/१/१२ को महाभूकम्प पश्चात नेपाल सरकारले उद्धार तथा राहतसम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सम्पादन गर्ने गराउने निर्णय अनुरुप यस मन्त्रालयले स्थानीय निकायहरु जिल्ला विकास समिति, नगरपालिका (नपा), गाउँ विकास समिति (गाविस) तथा यस अन्तर्गतका विभाग, कार्यालय एवं निकायहरुलाई पूर्ण परिचालन गरी उद्धार तथा राहत कार्यमा समन्वय तथा सहजीकरण समेत गर्दै आईरहेको छ। महाभूकम्पबाट प्रभावित भै अति संकटग्रस्त १२ जिल्लाहरु लगायत नेपाल राज्यभर मन्त्रालय र स्थानीय निकायहरुबाट भएका प्रतिकार्यका *मुख्य* प्रयास र अवस्थाहरु देहाय बमोजिम रहेका छन्:

(अति प्रभावित १२ जिल्लाहरु - गोरखा, सिन्धुपाल्चोक, धादिगं, काभ्रे, दोलखा, नुवाकाट, रामेछाप, सिन्धुली, रसुवा, काठमाण्डौं, ललितपुर, भक्तपुर जिल्लामा केन्द्रीत रही संकलित विवरण)

| क्र.स. | विषय | प्रतिकार्यका प्रयास र अवस्थाहरु |
|---|---|---|
| १. | *मन्त्रालयबाट भएका मुख्य कार्यहरु* | • वाह्र बटा जिल्लाका सबै जिविस, गाविस, नपाका सबै वडा कार्यालयहरु सञ्चालनमा रहेका छन्।<br>• सार्वजनिक विदाका दिन समेत कार्यालय खोली राहत तथा उद्धारको कार्यमा सहयोग पुऱ्याउन मिति ०७२।१।१४ मा निर्देशन गरिएको।<br>• स्थानीय निकायले जुनसुकै रकमवाट राहत तथा उद्धार सामाग्री दैवि प्रकोप उद्धार समितिको निर्णयानुसार खरिद गर्न पाउने गरी मिति ०७२।१।१६ को निर्णय अनुसार व्यवस्था मिलाईएको।<br>• दाताहरुसँग २०७२।१।१६ मा २ बैठक राखी प्रारम्भिक पुनर्लाभ (Early Recovery) का योजना बनाई सहयोग जुटाउन आरम्भ गरिएको।<br>• रसुवा जिल्लामा आफ्नो कार्यस्थलमा जान अटेर गर्ने/नमान्ने तीन जना गाविस सचिवको गयल कट्टी गरिएको छ।<br>• सम्पूर्ण कर्मचारीहरु परिचालन गरी उद्धार तथा राहत कार्यमा समन्वयात्मक प्रयास गरिएको। |
| २. | *उद्धार र राहतको संक्षिप्त विवरण* | • अति प्रभावित १२ जिल्लामा १८४९२ त्रिपाल/टाट, ५० वोरा चामल, २६ वोरा चिउरा, २०४७ कार्टुन चाउचाउ वितरण गरिएको।<br>• गोरखा तथा धादिंग जिल्लाका प्रभावित क्षेत्रमा हेलिकप्टरबाट राहत सामाग्री र उद्धारको कार्यमा तीवता दिइएको छ।<br>• दोलखा जिविसले आफ्नै श्रोतबाट पछि सोधभर्ना लिने गरी पिडितलाई प्रति |

| | | |
|---|---|---|
| | | • बेवारिसे लासहरु विभिन्न स्थानमा अभै रहेकाले आवश्यक समन्वय भैरहेको<br>• प्रभावित सबै जसो जिल्लाहरुमा वर्षात भएकोले घर भत्केर क्षत विक्षत भई बाँकी रहेको खाद्यान्न पानीबाट बचाउन ठुलो समस्या भएको छ ।<br>• पानी तथा चिसोबाट बच्च त्रिपालको माग भएको छ भने वितरण भएको त्रिपालहरु समूहमा वितरण गरी सामुहिक रुपमा बस्ने व्यवस्था स्थानीय आफैले मिलाएको अवस्था समेत रहेको । |
| ३. | *क्षति र राहतसम्बन्धी सूचना संकलन* | • क्षतिको विवरण संकलन गर्न भक्तपुरमा टोली परिचालन भएको, भक्तपुर नगरपालिकाको हकमा नगरपालिका कर्मचारी टोली परिचालित<br>• सिन्धुली जिल्लामा राहतको लागि विवरण संकलन गर्न गाविस सचिवको संयोजकत्वमा विषयगत कार्यालयहरु कृषि, स्वास्थ्य, सेवाकेन्द्र, राजनैतिक दलको स्थानीय प्रतिनिधि र शिक्षकलाई प्रत्येक गाविसमा परिचालन गरिएको<br>• नुवाकोट जिल्लामा क्षतिको विवरण संकलन गर्न गाविस सचिवलाई निर्देशन दिइएको<br>• सबै जिल्लाहरुले स्थानीय निकाय परिचालन गरी क्षतिको विवरण संकलन गर्ने कार्य आरम्भ गरेको । एकद्धार प्रणालीबाट टोलीगत रुपमा विवरण संकलन गर्न निर्देशन दिइएको । |
| ४. | *राहत रकम वितरण* | • विभिन्न जिल्लाहरुबाट प्राप्त विवरण अनुसार हालसम्म स्थानीय निकाय ( जिविस, नगरपालिका, गाविस) हरुबाट रु. १ करोड ५१ लाख भन्दा बढी राहत रकम पीडित परिवारलाई प्रदान गर्न परिचालन गरिएको । |
| ५. | *मन्त्रालयको राहत उद्धार विशेष प्याकेज कार्यक्रम* | • मिति २०७२।१।१६ को निर्णयानुसार जिल्ला दैवी प्रकोप उद्धार समितिको समन्वयमा तत्काल उद्धार तथा राहत कार्य गर्न संकटग्रस्त मध्ये सिन्धुपाल्चोक, गोरखा, नुवाकोट, रसुवा, र धादिङ जिल्लाका सबै गाविस ( २५३) लाई प्रति गाविस रु. ९ लाखका दरले, संकटग्रस्त मध्ये ललितपुर, काभ्रेपलान्चोक, दोलखा, रामेछाप र सिन्धुली जिल्लाका सबै गाविस (२४२) लाई रु ४ लाख ५० हजारका तथा संकटग्रस्त १२ जिल्ला मध्ये नगरपालिका रहेका ११ जिल्ला (सिन्धुपाल्चोक, गोरखा, नुवाकोट, धादिङ, काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलान्चोक, दोलखा, रामेछाप र सिन्धुली) का सम्पूर्ण नगरपालिका (३८) का सबै वडा (५७८) लाई प्रतिवडा रु २ लाखका दरले जम्मा ४५ करोड २२ लाख रकम पठाइएको ।<br>• उक्त निकासा रकम तत्काल १ महिना भित्र उपयोग गर्ने गरी उद्धार तथा राहत कार्य गर्न पठाइएको । |